# बर्दघाट नगरपालिका

नवलपरासी जिल्ला,
लुम्बिनी प्रदेश, नेपाल

## स्थानीय राजपत्र

| | | | |
|---|---|---|---|
| खण्ड १ | अंक: २ | मार्ग, ०४ गते २०८२ साल | (संख्या: ०९) |

भाग-२

नगर कार्यपालिकाको मितिः २०८२/०७/३० मा स्वीकृत भएको देहाय वमोजिमको कार्यविधि स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### बर्दघाट नगरपालिकाको सुत्केरी पोषण कार्यक्रम सञ्चालन सम्बन्धी निर्देशिका, २०७४ (पहिलो संशोधन), २०८२

प्रस्तावनाः बर्दघाट नगरपालिकाको सुत्केरी पोषण कार्यक्रम सञ्चालन सम्बन्धी निर्देशिका, २०७४ लाई संशोधन गर्न बाञ्छनीय भएकाले,

संघीय संरचना वमोजिम जनताको नजिकको सरकार स्थानीय सरारकाले स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार ल्याउने कार्यलाई व्यवस्थित गर्नका लागि बर्दघाट नगर कार्यपालिकाले मिति २०८२/०७/३० मा यो निर्देशिका स्वीकृत गरी जारी गरेकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भः

प्रमुख प्रशासकीय अधिकृत

क. यस कार्यविधिको नाम "बर्दघाट बर्दघाट नगरपालिकाको सुत्केरी पोषण कार्यक्रम सञ्चालन सम्बन्धी निर्देशिका, २०७४ (पहिलो संशोधन) २०८२" रहेको छ ।

ख. यो कार्यविधि कार्यपालिकाले स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखी लागू हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

क. "प्रमुख" भन्नाले क्रमशः नगरपालिकाको प्रमुख सम्झनु पर्दछ ।

ख. "ऐन" भन्नाले "स्थानीय सरकार सञ्चालन ऐन, २०७४" सम्झनु पर्दछ ।

ग. "निर्देशिका" भन्नाले "बर्दघाट **बर्दघाट नगरपालिकाको सुत्केरी पोषण कार्यक्रम सञ्चालन सम्बन्धी निर्देशिका, २०७४ (पहिलो संशोधन)** २०८२" सम्झनु पर्दछ ।

घ. "कार्यालय" भन्नाले नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

३. बर्दघाट नगरपालिकाको सुत्केरी पोषण कार्यक्रम सञ्चालन सम्बन्धी निर्देशिका, २०७४ दफा ६ को सट्टामा "बर्दघाट नगरपालिकाभित्रका बर्थिङ्ग सेन्टहरुमा सुत्केरीहुने महिलालाई मात्र रु ५०००/- उपलब्ध गराउने ।" भन्ने शव्दहरु राखिएको छ ।

आज्ञाले,

(बाबुराम पौडेल )

प्रमुख प्रशासकीय अधिकृत